बैठक संख्या: ७४

आज मिति २०८२ साल माघ २७ गते मंगलबार दिउँसो २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | अनुपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिव कुमार थापा | अनुपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २२ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २५ | प्रशासकीय अधिकृत | श्री उज्जवल खतिवडा | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत    प्रमुख    उपप्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

-:: छलफलका विषयहरू ::-

१) चालु आ.व.मा संचालित योजना सम्झौताको म्याद थप गर्ने सम्बन्धमा।

२) समपुरक तथा विशेष अनुदान माग गर्ने सम्बन्धमा।

३) नगरपालिकाभित्र भएका व्यवसायीहरूलाई स्थायी लेखा नम्बर उपलब्ध गराउने सेवा सुचारू गर्ने सम्बन्धमा।

४) विविध।

-:: निर्णयहरू ::-

निर्णय नं. १

बनेपा नगरपालिका र अन्तर्गतका वडाहरूमा चालु आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रमहरूको सम्झौता गर्ने म्याद मिति २०८२ फागुन १० गतेसम्मका लागि थप गर्ने।

निर्णय नं. २

आगामी आर्थिक वर्षका लागि संघ र प्रदेश सरकारसँग तपसिल बमोजिमको प्राथमिकता क्रमका आधारमा विशेष अनुदानका योजनाहरू माग गर्ने।

तपसिलः

| संघीय सरकारसँग माग गर्ने विशेष अनुदानका योजनाहरूः | | कैफियत |
|---|---|---|
| क्र.सं. | योजनाको नाम | |
| १. | कोल्डस्टोर निर्माण, बनेपा-८ | |
| २. | हिले जलजले ड्याम निर्माण, बनेपा-३ | |
| ३. | बनेपा नगरपालिका वडा नं. १० खानेपानी आयोजना | |

| प्रदेश सरकारसँग माग गर्ने विशेष अनुदानका योजनाहरूः | | कैफियत |
|---|---|---|
| क्र.सं. | योजनाको नाम | |
| १. | बनेपा नगरपालिका वडा नं. १ देखि ४ सम्म सामुदायिक वनमा बँदेल नियन्त्रणका लागि तारबार निर्माण | |
| २. | बनेपा नगरपालिका वडा नं. ९ खानेपानी आयोजना | |
| ३. | बनेपा नगरपालिका वडा नं. २ टोड्के नाम्ले खानेपानी आयोजना | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

उपप्रमुख

निर्णय नं. ३

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०७/१७ को निर्णय बमोजिक आन्तरिक राजस्व विभाग अन्तर्गतका सबै करदाता सेवा कार्यालयहरु खारेज भएको हुँदा उक्त कार्यालयहरूबाट प्रदान गर्रिदै आएको व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर (PAN) बनेपा नगरपालिकाबाटै उपलब्ध गराउने सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, धुलिखेलसँग समन्वय गरी नगरपालिका क्षेत्रभित्रका नागरिक तथा व्यवसायीहरूलाई स्थायी लेखा नम्बर उपलब्ध गराउने सेवा सुचारू गर्ने।

निर्णय नं. ४

भवन निर्माण मार्गदर्शन, २०८२ अनुसार १०,००० वर्गफिटभन्दा बढी भुई क्षेत्रफल (Floor Area) भएका भवनहरूको निर्माण अनुमतिका लागि गुणस्तर सुनिश्चितता योजना (Quality Assurance Plan), निर्माण कार्यतालिका (Work Schedule), निर्माण सुरक्षा योजना (Construction Safety Plan) पेश गर्नुपर्ने र निर्माण अनुमति दिनुअघि डिजाइन समीक्षा समितिले आर्किटेक्चरल, स्यानिटरी, HVAC तथा इलेक्ट्रिकल डिजाइनरहरूको विस्तृत प्राविधिक समीक्षा गर्नुपर्ने प्रावधान रहेकोले सोका लागि नगरपालिका स्तरीय डिजाइन समीक्षा समिति गठन गर्ने र उक्त समितिमा रहने नगरपालिका बाहेकका विज्ञ पदाधिकारीहरुलाई प्रति बैठक प्रतिव्यक्ति रू. ३,०००/- (तीन हजार मात्र) बैठक भत्ता र रू. १,०००/- (एक हजार मात्र) यातायात खर्च वापत उपलब्ध गराउने।

निर्णय नं. ५

गत आर्थिक वर्षमा संचालित तपसिल बमोजिम योजनाहरूको कार्यान्वयन म्याद २०८३ बैशाख मसान्तसम्मका लागि थप गर्ने।

तपसिलः

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | सल्ले नागीडाँडा वडा कार्यालय सडक स्तरोन्नती सल्ले स्यालटार चिहानडाँडा बाटो सल्ले थिङ डाँडा भुमेस्थान बाटो | बनेपा-११ | |
| २. | भैंसेपाटी बाँसडोल सडक फेज-थ्री | बनेपा-१२ | |

निर्णय नं. ६

"एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम" मा सहभागी हुन इच्छुक स्थानीय तहहरूलाई प्रस्ताव पेश गर्ने सम्बन्धी बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालयको मिति २०८२/१०/२५ को पत्र बमोजिम यस बनेपा नगरपालिका अन्तर्गत वडा नं. १ र २ का क्षेत्रहरू समेटिने गरी तरकारी पकेट क्षेत्र माग गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

उपप्रमुख

बनेपा नगरपालिका